02 July 2024

National News

मुख्य समाचार

- आफ्नो सरकार भारत प्रथम आदर्श वाक्यबाट पूर्णतया निर्देशित रहेको प्रधानमन्त्री श्री मोदीले बताउनुभयो
- सांसदहरूलाई असल आचरणका निम्ति प्रधानमन्त्रीले गर्नुभयो आग्रह
- हातरस जिल्लामा धार्मिक सत्सँगका क्रममा भएको भागदौडमा २७ जनाको मृत्यु
- कानुनी व्यवस्था स्वतन्त्रता, समानता र न्यायमा आधारित रहेको मुख्य न्यायाधीशको विचार
- विदेशमन्त्री डा. जयशंकरले SCO सम्मेलनमा भारतीय दलको नेतृत्व गर्नु हुने
- असम र अरुणाचल प्रदेशमा बाढीका कारण जनजीवन प्रभावित
- बेरिल तुफानका कारण विगत दुई दिनदेखि भारतीय टीम बार्बाडोसमा रोकिन बाध्य

लोकसभा-प्रधानमन्त्री

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज लोकसभामा आफ्नो सरकार भारत प्रथम आदर्श वाक्यबाट पूर्णतया निर्देशित रहेको बताउनु भयो। उहाँले भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीतिका कारण भर्खरैको लोकसभा चुनाउमा जनताको समर्थन प्राप्त गरेको पनि बताउनु भयो।

श्री मोदीले आफ्नो सरकारले सबैका लागि न्याय र कसैलाई तुष्टिकरण नगर्ने नीति पालना गरेको बताउनुभयो। प्रधानमन्त्रीले लोकसभाको दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको अभिभाषणप्रतिको धन्यवाद प्रस्तावको उत्तर दिँदै प्रतिपक्षको पीडा आफूले बुझ्न सक्ने बताउनु भयो । उहाँले झूटा प्रचारका बाबजुद लोकसभा चुनाउमा विपक्षीले लज्जास्पद पराजय भोग्नुपरेको बताउनु भयो।

श्री मोदीले आम चुनाउमा परिपक्क सोच र बुद्धि देखाएकोमा देशका जनताको प्रशंसा गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो, जनताले उनको सरकारको नीति, नियत र समर्पणमा विश्वास गरेका छन् र एनडीएलाई लगातार तेस्रो पल्ट सत्तामा ल्याउन भोट दिएका छन्। श्री मोदीले आफ्नो सरकारले सबका साथ, सबका विकासको मन्त्रका साथ काम गरिरहेको बताउनु भयो।

प्रधानमन्त्रीको जवाफका क्रममा विपक्षी सांसदहरुले विभिन्न विषयमा विरोध गरेका थिए। लोकसभा अध्यक्ष श्री ओम बिरलाले विपक्षीको आचरणप्रति असन्तुष्टि व्यक्त गर्दै सदनमा सुव्यवस्था कायम गर्न आग्रह गर्नुभयो।

यसभन्दा अघि, लोकसभामा विभिन्न दलका सांसदहरूले धन्यवाद प्रस्तावमाथि भएको चर्चामा भाग लिनुभएको थियो।

प्रधानमन्त्रीले भोलि राज्यसभामा धन्यवाद प्रस्तावमाथि भएको बहसको उत्तर दिनु हुनेछ।

## एनडीए बैठक

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले राष्ट्रिय जनतान्त्रिक गठबन्धन एनडीए सांसदहरूलाई संसदका नियमहरू, संसदीय लोकतन्त्रका सिद्धान्तहरू पालना गर्न अनि असल आचरण गर्न आग्रह गर्नुभएको छ। नयाँ सरकार गठनपछि नयाँ दिल्लीमा एनडीए संसदीय दलको पहिलो बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री श्री मोदीले यस्तो विचार व्यक्त गर्नुभएको हो।

बैठकपछि संसदीय मामिला मन्त्री श्री किरेन रिजिजुले भन्नुभयो, प्रधानमन्त्रीले सबै एनडीए सांसदहरूलाई असल आचरण गर्न आग्रह गर्नुभयो। प्रत्येक सांसद, चाहे जुनसुकै पार्टीका हुन्, देशको सेवा गर्न निर्वाचित भएका हुन् र राष्ट्र सेवा उहाँहरूको सबैभन्दा ठूलो जिम्मेवारी हो भनी प्रधानमन्त्रीले बताउनु भयो। प्रधानमन्त्रीले सांसदहरुलाई जल, पर्यावरण र सामाजिक क्षेत्रजस्ता आफ्नो रोजाइका विषयमा विज्ञ हुन पनि आग्रह गर्नुभयो। यसअघि, एनडीएका नेता र सांसदहरूले श्री मोदीलाई लगातार तेस्रो पटक प्रधानमन्त्री बनेकोमा सम्मान गरेका थिए।

## हातरस - भगदौड

उत्तर प्रदेशको हातरस जिल्लाको पुलराई गाउँमा आज धार्मिक सभा 'सत्संग' मा भागदौड हुँदा २७ जनाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन्। कार्यक्रममा भक्तजनहरुको बाक्लो उपस्थितिका कारण भागदौड भएको पुलिसले जनाएको छ।

मृत्यु हुनेमा २५ जना महिला र २ जना पुरुष रहेका छन्। धेरै जना घाइतेलाई अस्पतालमा भर्ना गरिएको छ । उत्तर प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथले मृतकका परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। श्री योगी आदित्यनाथले अधिकारीहरूलाई तत्काल सहयोग र उचित उपचार उपलब्ध गराउन र

घटनास्थलमा राहत कार्यलाई तीव्रता दिन निर्देशन दिनुभएको छ। उहाँले घटनाको कारण पत्ता लगाउन पनि निर्देशन दिनु भएको छ।

## ग्लोबल इन्डिया एआई शिखर सम्मेलन

इलेक्ट्रोनिक्स अनि सूचना प्रविधि मन्त्री श्री अश्विनी वैष्णवले भोलि नयाँ दिल्लीमा ग्लोबल इन्डिया एआई समिट 2024 को उद्धाटन गर्नु हुनेछ। दुई दिने सम्मेलनमा आर्टिफिसियल इन्टेलिजेन्स एआईको अनुप्रयोग, अनुगमन र विकास, प्रतिभालाई बढावा दिन र एआई आविष्कारहरू विस्तार गर्न डिजाइन गरिएका व्याख्यानका विविध सत्रहरू सञ्चालन हुनेछन्। सम्मेलनमा अन्तर्राष्ट्रिय प्रतिनिधि, एआई विज्ञ र नीति निर्माताको सहभागिता रहने मन्त्रालयले जनाएको छ ।

## दिल्ली-न्यायिक पूर्वाधार

राजधानीमा न्यायिक पूर्वाधार सुधार गर्न, दिल्ली सरकारले रोहिणी सेक्टर-२६, शास्त्री पार्क र कर्कड़ डुमा-मा ३ वटा नयाँ न्यायालय परिसरहरू निर्माण गरिरहेको छ।

सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति डीवाई चन्द्रचुडले आज यसको आधारशीला राख्नुभयो।

यस अवसरमा न्यायामूर्ति चन्द्रचुडले घरको जग बसाउन इँटा चाहिन्छ तर, समानता र न्याय नै न्यायलयको जग भएको बताउनुभयो । उहाँले स्वतन्त्रता, समानता र न्यायमा कानुनी व्यवस्था आधारित रहेको बताउनु भयो । जनतालाई कानुन र शासनको बारेमा सचेत गराउन न्यायालयहरू बनाइन्छ। समयसँगसँगै न्यायालय निकै भीडभाड भएका छन् भन्दै न्यायाधीश चन्द्रचुडले यी जिल्ला न्यायालयका नयाँ भवन निर्माणले भीडभाड कम हुने विश्वास व्यक्त गर्नुभयो ।

विदेश मन्त्रालय-SCO शिखर सम्मेलन

विदेशमन्त्री डा. एस जयशंकरले 4 जुलाईमा अस्तानामा हुने शाङ्घाई सहयोग संगठन- SCO सम्मेलनमा भारतीय दलको नेतृत्व गर्नु हुनेछ। SCO काउन्सिलका प्रमुखहरूको २४ औं बैठक काजाकिस्तानको अध्यक्षतामा हुनेछ। सम्मेलनमा विश्व नेताहरूले संगठनले विगत दुई दशकमा गरेका गतिविधिको समीक्षा गर्नुका साथै बहुपक्षीय सहयोगको अवस्था र सम्भावनाबारे छलफल गर्ने विदेश मन्त्रालयले जनाएको छ । बैठकमा समसामयिक क्षेत्रीय तथा अन्तर्राष्ट्रिय महत्वका विषयमा छलफल हुने सम्भावना छ । भारतले गत वर्ष 4 जुलाईमा भर्चुअल माध्यमबाट पहिलो पटक SCO को अध्यक्षता गरेको थियो।

असम- अरुणाचल बाढी

असममा बाढीको अवस्था गम्भीर बनेको छ । बाढीबाट राज्यका १९ जिल्लामा ६ लाखभन्दा धेरै मानिस प्रभावित भएका छन् । पछिल्लो २४ घण्टामा तिनसुकिया र धेमाजी जिल्लामा थप दुई जनाको मृत्यु भएसँगै मृत्यु हुनेको संख्या बढेर ३६ पुगेको छ । गोलाघाटमा अर्का एक जना बेपत्ता भएका छन् । बाढीबाट ६४ मण्डलका एक हजार 275 गाउँ प्रभावित भएका छन् । राज्यभरि १४ हजार ७०० हेक्टर क्षेत्रफलमा अन्नबाली नष्ट भएको छ ।

अर्कोतिर, अरुणाचल प्रदेशमा लगातार वर्षाका कारण जनजीवन प्रभावित भएको छ । अविरल वर्षाका कारण आएको पहिरो र बाढीका कारण धेरै ठाउँमा सडक यातायात अवरुद्ध भएका छन्। राजधानी इटानगर र पपुम परे जिल्ला प्रशासनले आगामी ५ दिन विद्यालय बन्द गर्ने घोषणा गरेका छन् ।

लोहित जिल्लाको लोहित नदी र यसका सहायक नदीमा पानीको स्तर बढेपछि धेरैजसो तल्लो क्षेत्र डुबानमा परेका छन् । जिल्लाका विभिन्न बाढी प्रभावित क्षेत्रका ५२ जनालाई प्रशासनले उद्धार गरेको छ ।

असम राइफल्सले नामसाई र चाङ्लाङ जिल्लाहरूमा फसेका नागरिकहरूलाई उद्धार गर्न र बाढी प्रभावित गाउँहरूमा राहत प्रदान गर्न उद्धार अपरेशन सुरु गरेको छ। दुर्गम क्षेत्रका गाउँहरूबाट लगभग ५ सय सर्वसाधारणको उद्धार गरिएको छ ।

भारतीय टीम- बार्बाडोस

T20 विश्वकप विजेता भारतीय क्रिकेट टीम बार्बाडोसमा बेरिल तुफानका कारण विगत दुई दिनदेखि रोकिन बाध्य बनेको छ। ताजा खबर अनुसार भारतीय टीम स्थानीय समय अनुसार आज साँझ स्वदेश फर्कने अपेक्षा गरिएको छ र भारतीय मानक समय अनुसार भोलि साँझ दिल्लीमा अवतरण गर्नेछ। ।